# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

५ नं. प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बंधी सूचना !**

प्रथम पटक प्रकाशित मिति: २०७५/०४/३०

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार यस गाउँपालिकाको क्षेत्राधिकारभित्र निम्न आय शिर्षकहरुमा आ. व. २०७५/०७६ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म, व्यक्ति वा संस्थाले निम्न शर्तहरुका अधिनमा रही तपसिल वमोजिमको मिति र समयभित्र सिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशन गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, उपदफा २ को खण्ड घ (६) बमोजिम गाउँपालिकाभित्रको तपसिलका खोला, नदि नाला बाट उत्पादन भई निकासी हुने स्लेट ढुंगा, ढुंगा, गिट्टी, बलुवामा उठाइने कर सम्बन्धी व्यवस्था भएकाले तपसिलको वार्षिक ठेक्का अंकको आधारमा दरभाउपत्र आह्वान गरिएको छ ।

| ठेक्का नं | ठेक्का को किशिम | जम्मा ठेक्का को अंक रु | पछि फिर्ता नहुने गरि दरभाउपत्र फारम खरिद गर्ने दस्तुर |
|---|---|---|---|
| १/०७५/०७६ | १. रोल्पा नगरपालिका सिमाना देखि चतुर्भुज सम्म सुनिलस्मृति गा. पा. क्षेत्रमा पर्ने माडी खोला<br>२. सुनछहरी र लुंग्री गा. पा. को सिमाना देखि चतुर्भुज सम्म लुंग्री खोला<br>३. गजुल खोला, फगाम खोला, खुमेल खोला, जुतुङ खोला, अरेश खोला । | ७,००,०००/- | १०००/- (एक हजार रुपैया) |

**शर्तहरु:**

१. दरभाउपत्र फारम यस कार्यालयबाट माथि उल्लेखित भए बमोजीम पछि फिर्ता नहुने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजेभित्र नेपाली नागरिक भए आफुले कबोल गरेको कुल ठेक्का अंकको २.५% धरौटी रकम नेपाल बैंक लिमिटेड रोल्पामा रहेको यस कार्यालको धरौटी खाता नं ०७६०३०००००००००३०००००६ मा दाखिला गरेको सक्कलै बैंक भौचर संग्लन गरी गाउँपालिकाको कार्यालय सुलिचौर, रोल्पामा दरभाउपत्र पेश गर्न सकिने छ ।

३. यसरी पर्न आएका दरभाउपत्रहरु १६ औ दिन दिनको २:०० बजे यस गाउँपालिकाको कार्यालय सुलिचौर, रोल्पामा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद, दर्ता र खोलिने दिन सार्बजनिक बिदा पर्न गएमा क्रमश सम्बन्धित कार्यहरु सोको भोलि पल्ट गरिने छ ।

४. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ साल अषाढ मसान्त सम्म हुनेछ ।

५. ठेक्का अंक गणना गर्दा सम्झौता भएको दिन देखि अषाढ मसान्त सम्म चालु आ. व. को ठेक्का अंक कायम गरिनेछ ।

६. दरभाउपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवै मा स्पष्ट हुने गरि उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईनेछ ।

७. दरभाउपत्र स्विकृत भएपछि सूचना टाँस भएको मिति ७ (सात) दिन भित्र नियमानुसार आयकर/मु. अ. कर दर्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्ने छ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा नियमानुसार हुनेछ ।

८. ठेकेदारले आफुले कबोल गरेको कुल रकम २ (दुई) किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता बापतको ५०% रकम सम्झौता हुने मितिमा र बाँकि दोश्रो किस्ता २०७५ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ ।

९. वातावरण संरक्षण नियमावली २०५४ को अनुसुची १ को खण्ड १४ (अ) अनुसार प्रत्येक खोलाबाट दैनिक १०० घन मीटर भन्दा कम मात्र स्लेट ढुंगा , ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्नुपर्नेछ ।

१०. नेपाल सरकार बाट ढाँट तगारो राख्न नपाईने गरी तोकिएको सडकमा ढाँट तगारो राखी कर संकलन गर्न पाईने छैन ।

११. प्रत्येक कर संकलन चौकीमा कर लगाईने बस्तुको नाम र करका दरहरु उल्लेखित होर्डीङ बोर्ड राख्नु पर्नेछ ।

१२. ठेक्का बापत नेपाल सरकार वा अन्य निकायलाई तिर्नु बुझाउनुपर्ने दस्तुर निर्माण व्यवसायीले नै बुझाउनुपर्नेछ ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्विकृत गर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार नियमानुसार यस गाउँपलिकामा सुरक्षित रहनेछ । दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको दरभाउपत्रलाई स्वत: बदर मानिनेछ । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

१४. सम्बन्धित निकायले अनुगमन गरी प्रतिवेदन दिनुपर्नेछ ।

१५. पुलको मुनि दाँया वायाँ १ कि. मि. सम्म संकलन गर्न पाईने छैन ।

१६. यस सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत

लेखनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत